कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मिति : २०८०/०२/२८ कापा बैठक संख्या:२०-०७९/८०

प्रमाणित

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरू

१. आ.व. २०८०/८१ को बजेट तयारी एवं बजेट शिलिङ निर्धारण सम्बन्धमा

२. स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा,

३. कञ्चन गाउँपालिकाबाट प्रदान हुने व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८० को प्रारम्भिक मस्यौदा सम्बन्धमा

४. विविध ।

**१. आ.ब. २०८०/८१ को वजेट तयारी एवम वजेट शिलिङ निर्धारण सम्वन्धमा**

यस गाँउकार्यपालिकाको स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको मिति २०८०/०२/२५ गतेको वैठकबाट सर्वसम्मत रुपमा निर्णय भई आए वमोजिम यस गाँउपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम विनियोजनको लागि देहाय अनुसार शिलिङ कायम गर्ने :

क) प्रत्येक वडाको वडास्तरीय योजनाका लागि — रु ४० लाख प्रति वडा

ख) प्रत्येक वडाको वडा समितिको निर्णयवाट आकस्मिक र भैपरी रुपमा प्रयोग हुने पूँजीगत खर्चको लागि – रु ३ लाख प्रति वडा

ग) प्रत्येक वडाको आकस्मिक कार्यालय संचालन, मर्मत लगायत चालु खर्च प्रयोजनको लागि वडावाटै खर्च हुने गरी- रु २ लाख प्रति वडा

घ) वडागत विविध खर्च प्रयोजनको लागि –रु १ लाख ५० हजार प्रति वडा

- उपरोक्त वजेट शिलिङ अनुसारका योजनाहरु वडा समितिले प्रत्येक टोल वस्तीबाट माग संकलन गरी वडा समितिको निर्णयसहित गाँउपालिकाले तोकेको ढाँचाअनुसार मिति २०८० जेष्ठ मसान्तभित्र गाँउपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्ने ।
- विषयगत शाखाहरुले कार्यक्रम प्रस्ताव गर्दा संघ र प्रदेशवाट विनियोजित कार्यक्रमसँग दोहोरो नपर्ने गरी विषयगत समिति मार्फत मिति २०८० जेष्ठ मसान्तभित्र गाँउपालिकामा पेश गर्ने ।
- वजेट शिलिङको परिधिभित्र रहि अन्य योजना तथा कार्यक्रमहरु गाँउपालिकास्तरीय योजनाको रुपमा अध्यक्ष र उपाध्यक्षले सम्वन्धित पक्षहरुको समन्वयमा तयार गरी पेश गर्ने ।
- प्रशासनिक तथा चालु खर्च तर्फका कार्यक्रमहरु लेखा अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त राजस्व बाँडफाँडको सीमा तथा आन्तरिक आयको परिधिभित्र रही तयार गरी पेश गर्ने ।

नवराज ढकाल
गा.पा. अध्यक्ष

मिति : २०८०/०२/२६, कापा बैठक संख्या:२०-०७९/८०

- आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको तयारीको लागि प्रत्येक विषयगत समितिका संयोजकहरुले आफ्नो क्षेत्रसँग सम्वन्धित नीति तथा कार्यक्रममा समेटिनुपर्ने मुख्य-मुख्य बुँदाहरु तयार गरी मिति २०८०/०२/३० गतेभित्र गाँउपालिकामा पेश गर्ने ।

**२. स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा**

- कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट निर्माणका लागि प्रस्तुत स्थानीय राजस्व परामर्श समितिको अध्ययन प्रतिवेदन २०८० माथि आवश्यक छलफल गरी बैठकमा उठेको विषयवस्तुहरू समाहित गरी आ.व. २०८०/८१ मा आर्थिक विधेयक मस्यौदा गर्नका लागि विधेयक समितिलाई सहमती प्रदान गर्ने ।

**३. कञ्चन गाउँपालिकाबाट प्रदान हुने व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८० को प्रारम्भिक मस्यौदा सम्बन्धमा**

यस गाउँपालिकाको विधेयक समितिबाट प्रस्तुत भएको कञ्चन गाउँपालिकाबाट प्रदान हुने व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८० को प्रारम्भिक मस्यौदा बैठकमा पेश भई छलफल भयो । छलफलमा उठेका विषयवस्तुहरू समाहित गरी परिमार्जन सहित अर्को बैठकमा पेश गर्ने ।

**४. विविध**

**क. पूनः एकीकरण कार्यक्रम सञ्चालन सम्बन्धमा**

- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूका लागि पुनः एकीकरण कार्यक्रम कार्यान्वयन समिति संयोजक श्री मौसमी थापा मगरको संयोजकत्मा २०८० जेष्ठ २३ गते बसेको समितिको बैठकको निर्णय बमोजिम छनौट परेका ५१ जना वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको लागि पुनः एकीकरण कार्यक्रम अन्तर्गत ६० जनालाई सहभागी गराउनुपर्नेमा प्रस्तावित रकम रू २५ लाख बाट रू २२ लाख मात्र प्राप्त हुन आएको हुँदा सम्बन्धित वडाको छनौट तथा सिफारिस बमोजिम ५१ जना व्यक्तिहरूलाई मात्र कार्यक्रममा सहभागी गराई कार्यक्रम सञ्चालन गर्ने गरी अनुमति प्रदान गर्ने ।

**ख. सौर्य उर्जा जडान सम्बन्धमा**

- कञ्चन गाउँपालिकाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक बजेटमा संघीय सरकार शशर्त अनुदान अन्तर्गत बजेट शीर्षक ३११५३ क्र.सं. १२४ मा रू.८०००००/- रकम विनियोजन भएकोमा उक्त रकमबाट कञ्चन गाउँपालिका अन्तर्गत गजेडी स्वास्थ्य चौकी र रूद्रपुर स्वास्थ्य चौकीमा सञ्चालित २४ घण्टे प्रसुति सेवामा सौर्य उर्जा जडान गर्ने ।

युवराज ढकाल
गा.पा. अध्यक्ष